नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः ७, भाद्र १० गते, २०८० साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।४।७

व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ८ को (क) पछि (ख) "२०७६ साल पुषमसान्त अगाडि लगानी पश्चात साँवा-व्याज असुल गर्दा ऋणी वेपत्ता भएका, दामासाहीमा परेका वा विशेष कारणवस व्याज हर्जना बुझाउन नसक्ने ऋणीहरुको हकमा व्याज र हर्जना मात्र मिनाहा दिन सकिनेछ । सो सम्बन्धमा अनिवार्य रुपमा कार्यपालिका मार्फत अनुमोदनको लागि सभामा पेश गर्नु पर्नेछ ।" थप गरिएको छ ।

आज्ञाले

गंगालाल सुबेदी

प्रमुख प्रशासकीय अधिकृत